"अरुलाई हेर्‍यौ पटक पटक, रास्वपालाई हेरौं यस पटक"

आसन्न फागुन २१ गतेको प्रतिनिधि सभा सदस्य निर्वाचनमा दैलेख क्षेत्र नं. २ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका प्रत्यक्ष तर्फका उम्मेदवार

# ई. बखत बहादुर शाही

लाई चुनाव चिन्ह घण्टी मा मतदान गरी अत्याधिक बहुमतले विजयी गराऔं ।




# घोषणा पत्र



राष्ट्रिय स्वतन्त्र पार्टी
चुनाव प्रचारप्रसार समिति
क्षेत्र नं. २, दैलेख

# मेरो संक्षिप्त व्यक्तिगत परिचय तथा अनुभव



म दैलेख जिल्लाको दुल्लु नगरपालिका-१३ मा एक साधारण किसान परिवारमा जन्मिएको हुँ। बाल्यकालमै सडकको अभाव, शिक्षा टाढा हुनु र स्वास्थ्य सेवा कमजोर हुनुका कठिनाइ भोग्दै हुर्किएँ। यही संघर्षले मलाई शिक्षा, सीप र सेवामार्फत समाज परिवर्तन गर्ने संकल्प दिलायो।

आज म एक वरिष्ठ सिभिल इञ्जिनियर तथा पूर्वाधार विकास क्षेत्रमा २५ वर्षभन्दा बढी अनुभव भएको व्यक्ति हुँ। मेरो लक्ष्य भाषण होइन – योजना बनाउने, काम गर्ने र परिणाम दिने विकास हो।

### मेरो शिक्षा

मैले सिभिल इञ्जिनियरिङमा स्नातक उत्कृष्ट नतिजासहित पूरा गरे, मैले वाणिज्य शास्त्रमा स्नातक अध्ययन पूरा गरेँ भने मैले अन्तरविषयक जलस्रोत व्यवस्थापनमा स्नातकोत्तर हासिल गरेकोछु। यस शिक्षाले मलाई प्राविधिक, आर्थिक र नीतिगत रूपमा सक्षम बनाएको छ।

**ई. बखत बहादुर शाही**
मो. ९८५११५१३९०,
९८५८०३०४०२

**मेरो प्रारम्भिक सेवा – शिक्षण अनुभव:** सेवायात्राको सुरुवातमै मैले वि.सं. २०४३-२०४४ मा चामुण्डा माध्यमिक विद्यालयमा गणित विषयको शिक्षक का रूपमा अध्यापन गरेँ। यस अनुभवले अनुशासन, नेतृत्व, विद्यार्थी र समुदायसँग काम गर्ने क्षमता विकास गर्‍यो, जुन आजसम्म मेरो कामको आधार बनेको छ।

### मेरो पछिल्लो जिम्मेवारी

म नेपाल सरकारद्वारा प्रवर्द्धित विद्युत उत्पादन कम्पनी लिमिटेड (VUCL) मा प्रमुख कार्यकारी अधिकृत (CEO) को रूपमा कार्यरत थिएँ। ४८ महिनाको करार अवधिमध्ये २६ महिना सफलतापूर्वक सेवा गरेपछि पद छाडेको हुँ। यस अवधिमा मैले ऊर्जा परियोजना विकास, संस्थागत सुधार र पारदर्शी व्यवस्थापनमा नेतृत्व गरेँ।

### मेरो अनुभव-तपाईंको सेवामा

मैले:

- ४,००० मेगावाटभन्दा बढी जलविद्युत् तथा सौर्य आयोजनाको अध्ययन तथा नेतृत्व गरेँ
- २०० मेगावाटभन्दा बढी ऊर्जा आयोजना प्रत्यक्ष कार्यान्वयन गरेँ
- हजारौं किलोमिटर सडक तथा सयौं खानेपानी, सिंचाइ र भवन आयोजना सञ्चालन गरेँ
- सरकारी, निजी तथा अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गरेँ

विशेष रूपमा दैलेखमै ३० मेगावाट क्षमताको दुल्लु-मालिका सौर्य ऊर्जा आयोजना अघि बढाई रोजगारी सिर्जना, ऊर्जा आत्मनिर्भरता र स्थानीय विकासको आधार तयार गरेँ।

### दैलेखमा मैले अघि बढाएका प्रमुख सडक आयोजना

नेपाल सरकार र माओवादी बिचको युद्धमा संघर्षकालमै जोखिम मोलेर मैले दैलेखमा निम्न ग्रामीण तथा जिल्ला सडकहरू सफलतापूर्वक निर्माण तथा सुधार गराएँ:

- चुप्रा - मेहेलतोले जिल्ला सडक
- देशीगाडे - महाबु जिल्ला सडक
- रामघाट - ठाँटीकाँध - सिंहासैन जिल्ला सडक
- तल्लो डुङ्गेश्वर - माथिल्लो डुङ्गेश्वर सडक

यी सडकहरूले दुर्गम बस्तीलाई बजार, शिक्षा र स्वास्थ्य सेवासँग जोडेका छन्।

### दैलेख र कर्णालीमा मेरो प्रत्यक्ष योगदान

मैले ५ वर्षभन्दा बढी दैलेखमा र १५ वर्षभन्दा बढी कर्णाली प्रदेशमा प्रत्यक्ष सेवा गरेँ। ग्रामीण सडक, सिंचाइ, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था र जीविकोपार्जन परियोजनाहरू सफल बनाएँ।

आज यी पूर्वाधारहरू हजारौं परिवारको जीवनरेखा बनेका छन्।

- अब समय आएको छ – अनुभवी नेतृत्वलाई अवसर दिने।
- अब समय आएको छ – योजनाबाट होइन, परिणामबाट विकास गर्ने।

*आउनुहोस्, सँगै बनाऔं-समृद्ध दैलेख, सक्षम कर्णाली र उज्यालो नेपाल।*

# निर्वाचन घोषणापत्र

*"वाचा होइन, कार्यान्वयन" प्रतिबद्धताः दैलेख क्षेत्र नं. २ लाई गुणस्तरीय शिक्षा, ऊर्जा, सडक, कृषिमा आधुनिकीकरण, पर्यटन प्रवर्द्धन र रोजगारीको केन्द्र बनाउँदै कर्णाली प्रदेशको आर्थिक रूपान्तरणमा नेतृत्व गर्ने स्पष्ट संकल्प।*

## १. शीर्ष राष्ट्रिय प्राथमिकता

- ९०० मे.वा. क्षमताको अपर कर्णाली जलविद्युत् परियोजनाको निर्माण अविलम्ब शुरु गर्ने।
- भैरवी-श्रीस्थान पेट्रोलियम ग्यास परियोजनाको यथाशिघ्र निर्माण प्रक्रिया शुरु गर्नेमा प्राथमिकताका साथ पहल गर्ने।
- ३० मे.वा. क्षमताको दुल्लु मालिका सौर्य विद्युत परियोजना निर्माण सम्पन्न गर्ने र ऊर्जा सुरक्षा सुनिश्चित गर्ने।

## २. सडक र पूर्वाधार

- स्थानीय सडक सञ्जाल (Local Road Networks) विस्तार तथा स्तरोन्नती।
- राजमार्ग तथा सहायक राजमार्ग फिदर सडक सुधार तथा स्तरोन्नती।
- रिज साइड रिङरोड अवधारणा अध्ययन तथा निर्माण।
- आवश्यक स्थानहरुमा यथाशीघ्र पुल पुलेसाहरुको निर्माणका लागि पहल।

## ३. ऊर्जा, विद्युत् र सञ्चार

- दैलेखलाई जलविद्युत् र सौर्य ऊर्जाको हब बनाउने।
- सबै वस्तीमा विद्युत् वितरण तथा प्रसारण लाईन विस्तार सम्पन्न गर्ने।
- माथिल्लो कर्णाली जलविद्युत परियोजनाबाट प्रभावित घरधुरीहरुलाई सहुलियत ऋणमार्फत शेयर पहुँचमा पहल गर्ने।
- ठूला आयोजनासँग जोडिएको "इन्टर्नशिप कार्यक्रम" सञ्चालनमा पहल।
- सञ्चार विस्तार तथा स्तरोन्नती व्यवस्थाका लागि पहल गर्ने।

## ४. कृषि, सिचाई र बजारीकरण

- आधुनिक व्यावसायिक कृषि प्रवर्द्धन गर्ने।
- सिंचाइ विस्तार गरी उत्पादन वृद्धि गर्ने।
- भण्डारण, प्रशोधन र बजारीकरण सुदृढीकरण गर्ने।

## ६. पर्यटन र संस्कृति

- पञ्चकोशी एकीकृत विकास समिति गठन गर्ने।
- ब्याउली मदनताल दह क्षेत्र, कोटिला ताल र धार्मिक स्थलहरु विकास गर्ने।

## ७. शिक्षा, खानेपानी, स्वास्थ्य सेवा

- गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षा विस्तार तथा प्रवर्द्धन गर्ने।
- सुविधा सम्पन्न अस्पतालको स्थापनाका साथै मौजुदा संरचना तथा सेवामा सुधार।
- सफा खानेपानी, सरसफाइ र आधारभूत स्वास्थ्य सुधार गर्ने।

## ८. समावेशी विकास

- महिला, दलित, जनजाति, ज्येष्ठ, अल्पसंख्यक र पिछडिएका समुदाय सशक्तीकरण गर्ने।
- सेवानिवृत्त जनशक्तिको ज्ञान, सीप र अनुभवलाई विकास योजनामा प्रभावकारी उपयोग गर्ने।

## ९. सुशासन र गुठी

- भ्रष्टाचारमुक्त, पारदर्शी र उत्तरदायी शासन व्यवस्थाको प्रत्याभूति गराउने।
- गुठी समस्याको यथाशीघ्र जनभावना अनुसार न्यायोचित समाधान गर्न पहल गर्ने।

## रणनीतिक विकास

- *राकम कर्णाली शहरलाई जुम्ला, रारा, मानसरोवर र कैलाशको प्रवेशद्वार शहरका रूपमा विकास गरी व्यापार, सेवा र पर्यटन हबको रुपमा विकास गर्ने।*
- *सुर्खेत-दैलेख सडक डबल लेन तथा सुर्खेत माथिल्लो डुङ्गेश्वर सुरुङ मार्ग अध्ययन तथा कार्यान्वयन शुरु।*
- *सम्भावित खनिज उत्खनन प्रक्रियाका लागि अध्ययन कार्य शुरु गर्ने।*
- *माग र औचित्यका आधारमा पालिका तथा वडा पुनःसंरचना गर्ने।*
- *सुर्खेत–दूल्लु–ब्याउली–कालिकोट–जुम्ला राजमार्गको रुपमा विकास गर्न पहल गर्ने।*

*"हाम्रो मान्छे होइन, योग्य मान्छे छानौं"*

*लक्ष्य: दैलेख नं. २ को विकास, कर्णालीको समृद्धि, राष्ट्रको शक्ति*

## ६. पर्यटन र संस्कृति

- पञ्चकोशी एकीकृत विकास समिति गठन गर्ने।
- ब्याउली मदनताल दह क्षेत्र, कोटिला ताल र धार्मिक स्थलहरु विकास गर्ने।

## ७. शिक्षा, खानेपानी, स्वास्थ्य सेवा

- गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षा विस्तार तथा प्रवर्द्धन गर्ने।
- सुविधा सम्पन्न अस्पतालको स्थापनाका साथै मौजुदा संरचना तथा सेवामा सुधार।
- सफा खानेपानी, सरसफाइ र आधारभूत स्वास्थ्य सुधार गर्ने।

## ८. समावेशी विकास

- महिला, दलित, जनजाति, ज्येष्ठ, अल्पसंख्यक र पिछडिएका समुदाय सशक्तीकरण गर्ने।
- सेवानिवृत्त जनशक्तिको ज्ञान, सीप र अनुभवलाई विकास योजनामा प्रभावकारी उपयोग गर्ने।

## ९. सुशासन र गुठी

- भ्रष्टाचारमुक्त, पारदर्शी र उत्तरदायी शासन व्यवस्थाको प्रत्याभूति गराउने।
- गुठी समस्याको यथाशीघ्र जनभावना अनुसार न्यायोचित समाधान गर्न पहल गर्ने।

## रणनीतिक विकास

- *राकम कर्णाली शहरलाई जुम्ला, रारा, मानसरोवर र कैलाशको प्रवेशद्वार शहरका रूपमा विकास गरी व्यापार, सेवा र पर्यटन हबको रुपमा विकास गर्ने।*
- *सुर्खेत-दैलेख सडक डबल लेन तथा सुर्खेत माथिल्लो डुङ्गेश्वर सुरुङ मार्ग अध्ययन तथा कार्यान्वयन शुरु।*
- *सम्भावित खनिज उत्खनन प्रक्रियाका लागि अध्ययन कार्य शुरु गर्ने।*
- *माग र औचित्यका आधारमा पालिका तथा वडा पुनःसंरचना गर्ने।*
- *सुर्खेत–दूल्लु–ब्याउली–कालिकोट–जुम्ला राजमार्गको रुपमा विकास गर्न पहल गर्ने।*

*"हाम्रो मान्छे होइन, योग्य मान्छे छानौं"*

*लक्ष्य: दैलेख नं. २ को विकास, कर्णालीको समृद्धि, राष्ट्रको शक्ति*